# २०८१ भदौ २० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई Global Operational Network of Anti-Corruption Law Enforcement Authorities (GlobE Network) को सदस्यता प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | (क) अर्थ मन्त्रालयका सचिव (राजस्व) श्री दिनेशकुमार घिमिरेलाई कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको अध्यक्ष पदमा नियुक्त गर्ने।<br>(ख) कर्मचारी सञ्चय कोषको सञ्चालक समितिको रिक्त सञ्चालक पदमा कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत श्री गोविन्द गुरुङलाई मनोनयन गर्ने। |
| 3 | अर्थ मन्त्रालय | एसियाली विकास बैंकबाट सिँचाइ आधुनिकीकरण अभिवृद्धि आयोजनाका लागि उपलब्ध हुने अमेरिकी डलर ११५ मिलियन (करिब रु. १५ अर्ब २९ करोड) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा नेपाल सरकारको तर्फबाट वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ताटोली गठन गर्ने। |
| 4 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८१ भदौ ३१ मा काठमाडौँमा हुने नेपाल-अमेरिका टिफा (Trade and Investment Framework Agreement) काउन्सिलको सातौं बैठकमा नेपालको तर्फबाट प्रस्तुत गरिने विषयसूची स्वीकृत गर्ने र वार्ता टोली गठन गर्ने। |
| 5 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | लहान सुखिपुर 132 के.भि. प्रसारणलाइन आयोजना तथा रुपनी वोदेवर्साइन १३२ के.भि. प्रसारणलाइन आयोजना अन्तर्गत 132 के.भि. को टावर प्याड निर्माण गर्न आवश्यक पर्ने करिब ८ विघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| 6 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपालगञ्ज-नानपारा 132 के.भि. प्रसारणलाइन आयोजनालाई बाँके जिल्लामा प्रसारणलाइनको टावर प्याड निर्माणको लागि करिब 2 बिघा जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने। |
| 7 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | बिम्स्टेक कृषि मन्त्रिस्तरीय र कृषिसम्बन्धी उच्च पदाधिकारीहरूको तेस्रो बैठक मिति २०८१ चैत १४ र १५ गते नेपालमा आयोजना गर्ने प्रस्ताव गर्न स्वीकृति प्रदान गर्ने। |
| 8 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | (क) आ.व. 2081/82 मा दुग्ध विकास संस्थानको कच्चा दूधको आपूर्तिकर्ता कृषकहरूलाई भुक्तानी गर्न बाँकी रकम भुक्तानी दिने प्रयोजनार्थ नगद प्रवाह व्यवस्थापन गर्ने गरी प्रविधि सुधार तथा व्यवसाय विस्तार गर्न अर्थ मन्त्रालयले |

| | | |
|---|---|---|
| | | दुग्ध विकास संस्थानलाई तत्काल 60 करोड रुपियाँ ऋण लगानी गर्न स्वीकृति दिने।<br>(ख) दुग्ध विकास संस्थानको पुनर्संरचना एवम् व्यवसायिक सुधारका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले समयबद्ध व्यावसायिक योजना बनाई कार्यान्वयन गर्न निर्देशन दिने। |
| 9 | परराष्ट्र मन्त्रालय | संयुक्त राज्य अमेरिकाको न्यूयोर्कमा आयोजना हुने संयुक्त राष्ट्र संघको 79 औँ महासभामा सहभागी हुन सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वको प्रतिनिधिमण्डल गठन गर्ने र 2081 असोज ४ देखिको भ्रमण कार्यक्रम स्वीकृत गर्ने। |
| 10 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | नेपाल इन्जिनियरिङ परिषद्को रिक्त सदस्यमा श्री विनोदबहादुर पाल (सुदूरपश्चिम प्रदेश), श्री अम्बिका महत (कर्णाली प्रदेश), श्री लेखनाथ पाण्डेय (लुम्बिनी प्रदेश), डा. राममणी अधिकारी (गण्डकी प्रदेश), श्री निर्जला श्रेष्ठ चौधरी (बागमती प्रदेश), श्यामकिशोर यादव (मधेश प्रदेश) र श्री लैला श्रेष्ठ (कोशी प्रदेश) लाई मनोनयन गर्ने। |
| 11 | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | बालसुधार गृह भक्तपुर, मोरङ, कास्की र बाँकेको सञ्चालन र व्यवस्थापनको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप नेपाल) बिच भएको सम्झौताको अवधि हाललाई २०८१ साल पुस मसान्तसम्मका लागि थप गर्ने। |
| 12 | युवा तथा खेलकुद मन्त्रालय | पेरिस 2024 प्याराओलम्पिक खेलमा सहभागी खेलाडी पलेशा गोबर्धनलाई 65 लाख रुपियाँ, प्रशिक्षक कविराज नेगी लामालाई 5 लाख 85 हजार र टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई 2 लाख 92 हजार रुपियाँ पुरस्कार र सम्मान प्रदान गर्ने। |
| 13 | वन तथा वातावरण मन्त्रालय | भुमही–हकोइ १३२ के.भि. प्रसारणलाइन आयोजना निर्माणको लागि नवलपरासी (ब.सु.प.) जिल्लामा राष्ट्रिय वन क्षेत्रको कुल जम्मा १२.६७८५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 14 | वन तथा वातावरण मन्त्रालय | नेपालको राष्ट्रिय वनस्पति उद्यान र चीनको कुनमिङ वनस्पति उद्यानबिच भगिनी सम्बन्ध स्थापनासम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने र सो समझदारीपत्रमा नेपालको तर्फबाट वनस्पति विभागका महानिर्देशकलाई हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने। |
| 15 | वन तथा वातावरण मन्त्रालय | माथिल्लो मेवा खोला ए जलविद्युत आयोजना निर्माणको लागि ताप्लेजुङ्ग जिल्लामा राष्ट्रिय वनको ३.२१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| 16 | वन तथा वातावरण मन्त्रालय | काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना निर्माणको लागि मकवानपुर जिल्लामा राष्ट्रिय वनको कूल जम्मा ५१.८७१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 17 | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | जापानको टोकियोमा 2081 असोज 3 गतेका दिन आयोजना हुने जापान–नेपाल रोजगार सम्मेलनमा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| 18 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | गंगादेव गाउँपालिका, रोल्पाको नाम परिवर्तन गरी सुकिदह गाउँपालिका कायम गर्ने र सो गाउँपालिकाको केन्द्र साबिक वडा नं. ५ सानडाँडाबाट वडा नं. २ स्थित सुखाओडार (जिनावाङ) मा कायम गर्ने। |
| 19 | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | काठमाडौँ महानगरपालिका, आदर्श गाँउपालिका (डोटी), एकडारा गाउँपालिका (रौतहट), अन्नपूर्ण गाँउपालिका (म्याग्दी), तीनपाटन गाउँपालिका (सिन्धुली), गरुडा नगरपालिका (रौतहट), गुठीचौर गाउँपालिका (जुम्ला), बेनिघाट रोराङ गाउँपालिका (धादिङ), फाल्गुनन्द गाउँपालिका (पाँचथर), भोजपुर नगरपालिका (भोजपुर), नौमुले गाउँपालिका (दैलेख), मेरिङदेन गाउँपालिका (ताप्लेजुङ) र दमक नगरपालिका (झापा) लाई विभिन्न परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने। |
| 20 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार कम्पनी लि. को रिक्त प्रबन्ध निर्देशक पदमा श्री संगिता पहाडी अर्याललाई नियुक्त गर्ने। |
| 21 | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | रेडियो नेपालको रिक्त कार्यकारी निर्देशक पदमा श्री अमरध्वज लामालाई नियुक्त गर्ने। |
| 22 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन,२०५३ को दफा २९ को प्रयोजनको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कानून अधिकृतलाई अनुसन्धान तथा तहकिकात गर्ने अधिकारी तोक्ने। |
| 23 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र जनवादी गणतन्त्र चीन सरकारको काठमाडौँस्थित राजदूतावासबिच हुने Letter of Reply on Establishing a New Duty Station for the China Medical Team in Nepal मा नेपाल सरकारको तर्फबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिवलाई हस्ताक्षर गर्न स्वीकृति प्रदान गर्ने। |
| 24 | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त सचिव पद १ मा श्री गोविन्दबहादुर कार्कीलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशमा पदस्थापन गर्ने। | |